# सङ्गीत र प्रविधि

Presented by: Rajendra Aryal
Research and Design by: Pawan Simkhada

मुख्य उद्देश्य: सिर्जनात्मक स्वतन्त्रता, अकाउन्ट सुरक्षा र डिजिटल माध्यमबाट पूर्ण व्यावसायिक सफलता।



# Rajendra Aryal

Today’s presenter, Research and development

- *Microsoft Certified Professional*
- *Chief Technical Officer: Riddhi Binayak Computers*
  *IT Advisor: Cultural Corporation Nepal, Oscar International College (College of Film Studies)*
- *Content and distribution Manager for more than 600+ renowned Nepali Artists*



# Pawan Simkhada

## Research and Design

- *Freelancer Graphics Designer*
- *Video professional in Nepali Music Industry*
- *Cyber security Analyst*
- *Content, curator  and distribution Manager for renowned Nepali Artists*
- *www.pyaro.studio*

# सङ्गीत बजारको इतिहास र प्रविधिको विकास

### परम्परागत युग (विगत)

**सीमित दायरा:** पहिले पहिले म्युजिक कम्पनीहरुले ठुलो लगानी गरेर विभिन्न कलाकारहरुसँग गीत सङ्गीत लिएर बजारीकरण गर्ने चलन थियो।

**भौतिक वितरण:** दर्शक-स्रोताले क्यासेट, सी.डी. (CD), वा डी.भी.डी. (DVD) किनेर वा रेडियो/टिभी मार्फत मात्र संगीत सुन्न पाउने चलन थियो।

### आधुनिक युग (वर्तमान)

**डिजिटल स्वतन्त्रता:** हातहातमा Smart Phone र Internet को पहुँच पुगेपछि संगीत क्षेत्र पूर्ण रुपमा लोकतान्त्रीकरण भएको छ।

**स्वतन्त्र प्रकाशन:** अब YouTube, Spotify र Apple Music मार्फत सिधै स्रोतासम्म पुग्न सकिन्छ। कलाकार आफैँ लगानीकर्ता, प्रकाशक र वितरक बन्न सक्छन्।

# कार्यशालाको मर्म र मूल उद्देश्यहरू

## 01
### Security Foundation
गुगल, फेसबुक, युट्युब च्यानल र वित्तीय खाताहरूलाई ह्याकर र स्क्यामरहरूबाट सधैँ सुरक्षित राख्ने विधि।

## 02
### Digital Distribution
आफ्नो गीतलाई संसारभरिका अडियो स्टोरहरूमा रिलिज गर्ने र अन्तर्राष्ट्रिय रोयल्टी सुरक्षित रूपमा संकलन गर्ने सुत्र।

## 03
### Marketing
कम खर्चमा सही नेपाली स्रोता लक्षित गरी फेसबुक र गुगल एड्स म्यानेजर मार्फत सही प्रवर्द्धन गर्ने उपाय।

# सामाजिक सञ्जाल र यसको व्यावसायिक महत्त्व

### सामाजिक सञ्जाल भनेको के हो?

इन्टरनेट र डिजिटल प्रविधिको प्रयोग गरेर मानिसहरुले एकापसमा कुराकानी गर्ने, विचार, भावना, संगीत र भिडियो आदानप्रदान गर्ने मञ्च नै सामाजिक सञ्जाल हो। फेसबुक, युट्युब, इन्स्टाग्राम र टिकटक यसका प्रमुख उदाहरण हुन्।

### कलाकारका लागि व्यावसायिक च्यानल

आजभोलि सामाजिक सञ्जाल केवल साथीभाइ वा फ्यानसँग गफगाफ गर्ने माध्यम मात्र होइन। यो कलाकारका लागि आफ्नो संगीत ब्रान्ड प्रवर्द्धन गर्ने, फ्यान बेस निर्माण गर्ने र ठूलो आम्दानी गर्ने एउटा बलियो डिजिटल व्यवसायिक च्यानल बनिसकेको छ।


खण्ड

२

# संगीत वितरण र बौद्धिक सम्पत्ति दर्ता

विश्वव्यापी डिजिटल प्लेटफर्महरुमा आफ्नो गीत पठाउने सही विधि, प्राविधिक मापदण्ड र कानुनी सुरक्षा

# Music Stores हरु कुन कुन छन त? हाम्रो गीतहरु कहाँ कहाँ पठाउने?



# Independent Artist हरुले धैरै प्रयोग गर्ने केही Music Distributors

# डिजिटल वितरकमा गीत अपलोड गर्ने ५ चरणहरु

## १

### रिलिज जानकारी

'Single' वा 'Album' ढाँचा छान्ने र आफ्नो आधिकारिक आर्टिस्ट प्रोफाइल डिष्ट्रिब्युटरमा लिङ्क गर्ने।

## २

### स्टोर छनोट

विश्वभरका सबै मुख्य डिजिटल स्टोरहरु (Spotify, Apple, TikTok, YouTube) मा डेलिभरी गर्न टिक लगाउने।

## ३

### कभर र अडियो

कभर ३००० x ३००० पिक्सेल स्क्वायर हुनुपर्छ। अडियो फाइल उच्च गुणस्तरको फर्म्याटमा हुनुपर्छ (.WAV)।

## ४

### मेटाडाटा र कपीराइट

गीतकार, संगीतकारको वास्तविक कानुनी नाम लेख्ने र 'Content ID' र 'Copyright' बक्समा टिक लगाउने।

# मेटाडाटा : तपाईंको गीत बिकाउने डिजिटल औजार

- **गीतको डिजिटल जानकारी :** मेटाडाटा भनेको तपाईंको गीतको बारेमा सम्पूर्ण विस्तृत डिजिटल विवरण हो (जस्तै: शीर्षक, सर्जकको नाम, भाषा)।
- **पुस्तकालयको क्याटलग कार्डः** यसले स्ट्रिमिङ प्लेटफर्मका एल्गोरिदमहरुलाई तपाइको संगीत र यसका योगदानकर्ताहरूको बारेमा बुझाउँछ।
- **Searchable बनाउने :** सही मेटाडाटा नभएमा दर्शक, श्रोताले सर्च गर्दा तपाईंको गीत फेला पार्न सक्दैनन् र गीत सङ्गीत धेरै सामु पुग्न सक्दैन।
- **समय छान्ने :** मेटाडाटामा प्रविष्ट गरिएको समय र वास्तविक अडियो फाइलको अवधि दुरुस्त हुनुपर्छ, अन्यथा स्टोरहरूले गीत अस्वीकृत गर्छन्।

# ⚠ अनिवार्य मेटाडाटा : कलाकारहरुको नाम र गीतको शीर्षक

## मुख्य कलाकारको नाम

यो तपाईंको आधिकारिक व्यावसायिक र कानुनी पहिचान नाम हो।

सही ढाँचा: "Rajendra Aryal" वा "Rajendra Music"

गलत ढाँचा: "Me", "Unknown", वा प्रत्येक रिलिजमा हिज्जे फेर्ने।

**महा-नियम:** आफ्नो कलात्मक प्रोफाइल नाम बजारमा कहिल्यै पनि परिवर्तन नगर्नुहोस्, नत्र Spotify मा फरक प्रोफाइल बन्छ।

## H गीतको शीर्षक (Song Title)

शीर्षक सधैं छोटो, स्पष्ट, त्रुटिरहित र सजिलै सर्च गर्न मिल्ने हुनुपर्छ।

सही तरीका: "सङ्गीतमा सफलता"

गलत तरीका: "sangit ma safalta" (रोमन हिज्जे) वा "सङ्गीतमा सफलता (prod. xyz)"।

म्युजिक प्रोड्युसरको क्रेडिट यहाँ थप्न मिल्दैन, यसलाई छुट्टै क्रू सेक्सनमा राख्नुपर्छ।

# प्रोजेक्ट, विधा, रिलिज मिति र भाषा सेटिङ

१

### प्रोजेक्टको नाम

सिंगलका लागि गीतकै नाम र एल्बमका लागि साझा प्रोजेक्ट नाम (उदाः "सफलताको नयाँ यात्रा") राख्नुपर्छ।

२

### विधा (Genre)

सहि विधा (जस्तै: "Folk") रोज्नुपर्छ। यसले गीतलाई सही लक्षित स्रोतामाझ पुऱ्याउन मद्दत गर्छ।

३

### रिलिज मिति र भाषा

YYYY-MM-DD ढाँचामा मिति राख्ने। ५०% भन्दा बढी भाग जुन भाषाको बोलिएको छ, त्यही प्राथमिक भाषा रोज्नुपर्छ।

# अन्तर्राष्ट्रिय डिजिटल परिचयपत्रहरु (Codes)

| कोडको प्रकार (Code Type) | विवरण र महत्त्व | ढाँचा र उदाहरण (Example Format) |
|---|---|---|
| **ISRC** (अडियो पहिचान) | प्रत्येक ध्वनि रेकर्डिङ (Master Track) को अद्वितीय अन्तर्राष्ट्रिय डिजिटल पहिचान। यो बिना रोयल्टी संकलन असम्भव छ। | NP-MR3-26-00001 (देश-प्रकाशक-वर्ष-ट्र्याक) |
| **UPC** (एल्बम कोड) | सिंगो एल्बम वा ईपी (EP) रिलिज गर्दा सम्पूर्ण उत्पादनलाई जनाउने बारकोड। | १२ अंकको विश्वव्यापी बारकोड (डिष्ट्रिब्युटरले स्वतः दिन्छ) |
| **ISWC** (रचना कोड) | गीतको मूल कम्पोजिसन (शब्द र संगीत धुन) लाई दिइने कोड। कभर गीत जति बने पनि यो एउटै रहन्छ। | T-123456789-0 (रचनाकारको कोड) |

# 🔁 ISRC र ISWC बीचको मुख्य फरक

## 🎵ISRC (अडियो फाइलको साँचो)

यो निश्चित ध्वनि रेकर्डिङ (Master Track) को लागि मात्र जारी गरिन्छ।

**उदाहरण:** Rajendra Aryal ले "सङ्गीतमा सफलता" गीत रेकर्ड गर्नुभयो। त्यस अडियो फाइलका लागि एउटा ISRC कोड जारी हुन्छ। कभर गाउने अरुले छुट्टै अडियो रेकर्ड गर्ने हुनाले नयाँ ISRC पाउँछन्।

## ✒️ISWC (मूल सिर्जनाको साँचो)

यो गीतको मूल कम्पोजिसन (शब्द र लय) को लागि मात्र हो।

**उदाहरण:** "सङ्गीतमा सफलता" गीतको जतिसुकै कभर वा रिमिक्स संस्करण बने पनि यसको ISWC कोड सधैं एउटै रहन्छ, किनकि मूल रचनाकार र संगीतकार Rajendra Aryal नै हुनुहुन्छ।

# 'Split Sheet' सम्झौता र डिजिटल बाँडफाँड

### म्युजिशियन बीचको लिखित सम्झौता

**विवाद अन्त्यको कडी:** धेरै नेपाली संगीतकर्मीहरु गीत हिट भएपछि प्रतिशत बाँडफाँडमा आपसी विवादमा फस्छन्।

**समाधान:** गीत रिलिज हुनु अगावै गायक, गीतकार र संगीतकार बीच लिखित स्प्लिट शीट (Split Sheet) सम्झौता गर्नुहोस्।

### वितरकमा स्वचालित प्रविष्टि

**डिजिटल रोयल्टी बाँडफाँड:** वितरकमा गीत अपलोड गर्दा नै सम्झौता अनुसारको रोयल्टी प्रतिशत प्रविष्ट गर्नुहोस् (उदा: ४०% गायक, ३०% गीतकार, ३०% संगीतकार)।

यसले गर्दा आम्दानी आफैं विभाजित भएर आ-आफ्नो बैंक खातामा जान्छ र झगडाको सम्भावना समाप्त हुन्छ।

# प्रमुख संगीत वितरकहरूको प्राविधिक तुलना

| मोडल र वितरक | शुल्क (Fees) | कमिसन (Commission) | सुझाव र उपयुक्तता |
|---|---|---|---|
| **DistroKid** (असीमित) | $१९.९९ देखि $३९.९९ / वर्ष | (१००% रोयल्टी तपाईंको) | नियमित र धेरै गीत रिलिज गर्नेहरूका लागि सर्वोत्तम। |
| **Amuse** (प्रिमियम) | निःशुल्क वा $२४.९९ / वर्ष | १०% (निःशुल्क) वा | सुरुवाती र मोबाइल एपबाट व्यवस्थापन गर्न रुचाउनेलाई। |
| **CD Baby** (एकमुष्ट) | प्रति रिलिज एकमुष्ट सुरुवाती शुल्क | ९% कमिसन | वार्षिक शुल्क बिना आजीवन गीत स्टोरमा राख्न चाहनेलाई। |
| **AWAL / Symphonic** | आवेदन स्वीकृत हुनुपर्ने | सम्झौता अनुसार (१५% - २०%) | ठूलो स्थापित स्रोता समूह भएका प्रिमियम कलाकारका लागि। |

खण्ड

३

# प्रतिलिपि अधिकार र कानुनी सुरक्षा

कपीराइट र स्वामित्वको कानुनी सुरक्षा

# ⚖️ कपीराइट र स्वामित्वको कानुनी सुरक्षा

| कपीराइटको प्रकार | यसले के समेट्छ ? | तपाईं मालिक बन्नुहुन्छ यदिः | कुन रोयल्टी संकलन हुन्छ ? |
|---|---|---|---|
| **मास्टर कपीराइट (Master)** | निश्चित रेकर्डिङ (तपाईंको आवाज, विशिष्ट साउन्ड प्रोडक्सन) | तपाईं आफैंले रेकर्डिङको खर्च व्यहोर्नु भएको हो वा प्रोड्युसर हो। | स्ट्रिमिङ, डिजिटल डाउनलोड राजस्व |
| **पब्लिशिङ कपीराइट (Publishing)** | गीतको मूल कम्पोजिसन (शब्द र संगीतको लय) | तपाईं आफैंले गीत लेख्नुभएको वा धुन कम्पोज गर्नुभएको हो। | रेडियो/टिभी प्रसारण, सार्वजनिक प्रदर्शन, कन्सर्ट |

# 🏛️ नेपाल सरकार र आधिकारिक CMO संयन्त्र

### 🏛️ प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

दर्ता प्रक्रिया nepalcopyright.gov.np मार्फत अनलाइन हुन्छ। यसको लागत मात्र रु. १०० हो, जसले सिर्जनाकर्तालाई बलियो कानुनी सुरक्षा प्रदान गर्दछ।

### 🛡️ MRCSN नेपाल (स्थापना २००७)

गीतकार, संगीतकार र पब्लिशरहरुका लागि नेपालको एकमात्र आधिकारिक रोयल्टी संकलन गर्ने संस्था हो।

**CISAC र WIPO सँग आबद्धता:** दर्ता हुनासाथ MRCSN ले गीतलाई विश्वव्यापी CIS-Net Repertoire मा सुरक्षित गर्छ र विदेशबाट रोयल्टी संकलन गर्छ।

# सिर्जनादेखि बैंक खातासम्म : रोयल्टीको पूर्ण यात्रा

१

### दर्ता

सर्जकले गीत MRCSN मा दर्ता गर्छन् र WIPO Connect मार्फत ISWC कोड प्राप्त हुन्छ।

२

### लाइसेन्स

MRCSN ले एफएम, टीभी र डिजिटल माध्यमलाई संगीत बजाउन ब्ल्याङ्केट लाइसेन्स दिन्छ।

३

### डाटा मिलान

रेडियोको लग-सिट र डिजिटल फिंगरप्रिन्ट संकलन गरी गीत बजेको संख्या ट्र्याक गरिन्छ।

४

### वितरण

वर्षको ४ पटक त्रैमासिक रुपमा सिधै सर्जकको नेपाली बैंक खातामा रोयल्टी पठाइन्छ।

खण्ड

४

# युट्युब प्रवर्द्धन र शर्ट्स रणनीति

युट्युबमा भिडियो अपलोड गर्ने सही तरिका

# युट्युब एल्गोरिदम अनुकूल बनाउने प्रमुख चेकलिस्ट

### सधैं 'Unlisted' मा अपलोड

भिडियो सिधै Public नगर्नुहोस्। अनलिस्टेड राख्दा युट्युब प्रणालीले कपीराइट र HD क्वालिटी प्रोसेस गर्ने समय पाउँछ।

### सर्च अनुकूल शीर्षक (Title)

नेपाली र अंग्रेजी मिसाएर आकर्षक शीर्षक लेख्नुहोस् (उदाः सङ्गीतमा सफलता - Rajendra Aryal | New Nepali Song) ।

### आकर्षक थम्बनेल

भिडियोभित्रकै सिन आफैं बस्न नदिनुहोस्। छुट्टै आकर्षक, कन्ट्रास्ट र उच्च गुणस्तरको (१२८०x७२०) थम्बनेल हाल्नुहोस्।

### अडियन्स सेटिङ

"No, it's not made for kids" छान्नुहोस्, अन्यथा कमेन्ट बक्स बन्द हुन्छ र युट्युब रिच घट्छ।

# ⚡ युट्युब शर्ट्स (Shorts) को प्रवर्द्धन शक्ति

## मापदण्ड र ह्यासट्याग

**साइज अनुपात :** शर्ट्स भिडियो सधैं ९:१६ ठाडो (Vertical) साइजको र ६० सेकेन्ड भन्दा कमको हुनुपर्छ।

**ह्यासट्याग सुत्रः** शर्ट्स फिडमा पर्नका लागि टाइटलको अन्तमा अनिवार्य रूपमा ह्यासट्याग #Shorts थप्नुहोस्।

## 🔗 साउन्ड लिङ्किङ सुत्र (Sound Attribution)

**फाइल अडियो नहाल्नुहोस् :** शर्ट्स बनाउँदा आफ्नो गीत सिधै भिडियो फाइलबाट नहाल्नुहोस्।

युट्युबको 'Add Sound' मा गएर आफ्नै मूल आधिकारिक ट्र्याक सर्च गरी लिङ्क गर्नुहोस्। यसले स्रोतालाई मुख्य भिडियोमा डोर्‍याउँछ।

खण्ड ५

# डिजिटल बजारको वास्तविक गणित र बजारीकरण

देशहरुको वर्गीकरण (Tiers), Meta/Google Ads को सुत्र, राजस्व बाँधफाँड र आम्दानीको यथार्थ

# नेपाली कन्टेन्टको आम्दानी र भौगोलिक यथार्थ

| देशको वर्गीकरण (Tiers) | प्रतिनिधि देशहरू | १० लाख स्ट्रिम्सको आम्दानी |
|---|---|---|
| **Tier 1** (उच्चतम CPM) | अमेरिका, अस्ट्रेलिया, बेलायत, क्यानडा | $३,००० देखि $५,०००+ |
| **Tier 2** (मध्यम CPM) | कतार, दुबई (UAE), मलेसिया, जापान | $८०० देखि $१,५०० |
| **Tier 3** (न्यूनतम CPM) | नेपाल, भारत, बंगलादेश | $२०० देखि $५०० |

डिजिटल विज्ञापन राजस्व गणना सुत्र:

$$\text{Revenue} = \frac{\text{Streams} \times \text{CPM}}{1000} \times \text{GeoFactor}$$

* कारकहरू: १. वाच टाइम (Watch Time), २. रिलिज सिजन (चाडबाड), ३. प्रिमियम प्ले र Skip नगरिएका विज्ञापन।

# 💰 संगीत उद्योगका ५ मुख्य रोयल्टीहरु

| रोयल्टीको प्रकार | यो कतिखेर सिर्जना हुन्छ? | भुक्तानी कसले गर्छ? | प्राप्तकर्ता (Recipient) |
|---|---|---|---|
| **१. स्ट्रिमिङ (Streaming)** | Spotify, Apple Music मा गीत बज्दा | स्ट्रिमिङ प्लेटफर्महरु | मास्टर मालिक (कलाकार / लेबल) |
| **२. मेकानिकल (Mechanical)** | गीत डाउनलोड वा कपी हुँदा ($0.091 प्रति कपी) | डिजिटल स्टोर / डिष्ट्रिब्युटर | पब्लिशर / गीतकार |
| **३. पर्फर्मेन्स (Performance)** | रेडियो, टीभी, होटल वा लाइभ कन्सर्टमा बज्दा | रेडियो, रेस्टुरेन्ट, MRCSN नेपाल | गीतकार र संगीतकार |
| **४. सिङ्क (Sync Royalty)** | चलचित्र, सिरिज वा ब्रान्ड विज्ञापनमा राख्दा | निर्माण कम्पनी वा विज्ञापन एजेन्सी | मास्टर मालिक + पब्लिशर |
| **५. डिजिटल पर्फर्मेन्स** | स्याटेलाइट वा इन्टरनेट रेडियो (Pandora) मा बज्दा | MRCSN | मास्टर मालिक र मुख्य गायक |

# ❗ स्ट्रिमिङ्को तीतो यथार्थ र विविधीकरण रणनीति

## 💔तीतो डिजिटल यथार्थ

**केवल स्ट्रिमिङ्को भर नपर्नुहोस् :** स्ट्रिमिङ्को मात्र भर पर्दा घरखर्च चलाउन र नयाँ गीत उत्पादन गर्न गाह्रो हुन्छ।

नेपाली गीतहरुमा १० लाख (1M) स्ट्रिम्सबाट करिब $२००$ देखि $५०० डलर मात्र आम्दानी हुन्छ। वितरकको कमिसन र टिम बाँडफाँडपछि पर्याप्त हुन्न।

## 🌱आम्दानी विविधीकरणको महत्त्व

**सृजनात्मक व्यवसाय :** संगीतलाई केवल स्ट्रिमिङ अडियोमा मात्र सीमित नराखी यसलाई एउटा विविधीकृत व्यवसायको रूपमा विकास गर्नुहोस्।

यसका लागि युट्युब भिडियो एड्स, कन्सर्ट, स्पन्सरसिप, मर्चन्डाइज बिक्री र सिधै फ्यान फन्डिङ जस्ता वैकल्पिक आम्दानीका बाटाहरू चलाउनुपर्छ।

# 💰 संगीत र सञ्जालबाट डिजिटल कमाइ गर्ने ५ पाटाहरु

### ०१
**मोनेटाइजेसन**

YPP र फेसबुक इन-स्ट्रीम एड्स मार्फत भिडियोहरूमा विज्ञापन बजाएर सीधा गुगल/मेटाबाट कमाइ।

### ०२
**स्पन्सरसिप**

ब्रान्डहरुसँग व्यावसायिक साझेदारी गरी म्युजिक भिडियो वा रिल्समा प्रोडक्ट प्लेसमेन्ट गर्ने।

### ०३
**एफिलिएसन**

दराज वा एमेजन जस्ता साइटका सामग्री (उदा: गिटार, माइक) लिङ्क सेयर गरी कमिसन लिने।

### ०४
**उपहार / क्लब**

टिकटक/युट्युब लाइभ बसेर गिफ्ट लिने र फ्यान मेम्बरसिप (YouTube Join) सुचारु गर्ने।

# स्ट्रिमिङ बाहिरका ४ बलिया आम्दानीका माध्यमहरू

१

### YouTube Ads

आधिकारिक च्यानल मनिटाइज गरी ८ मिनेट भन्दा लामो भिडियो हाल्दा मध्य-रोल (Mid-Roll) एड्स सेट गर्ने, जसले आम्दानी ३ गुणा बढाउँछ।

२

### फ्यान सब्सक्रिप्सन

Patreon वा FB Subscriptions मार्फत फ्यानले मासिक $५ सहयोग गर्छन्। बदलेमा विशेष अन-रिलिज सामग्री दिनुहोस्।

३

### सिधै बिक्री

८५% कमाई कलाकारकै हुन्छ (उदा: Bandcamp)। १,००० सुपरफ्यानले मात्र सिधै $५ मा गीत किन्दा पनि $४,२५० भन्दा बढी संकलन हुन्छ।

४

### लाइभ कन्सर्ट

गीत डिजिटल रूपमा जति धेरै भाइरल हुन्छ, तपाईंको ब्राण्ड भ्यालु बढ्छ र कन्सर्ट मार्फत एकमुष्ट मोटो रकम संकलन हुन्छ।

# डिजिटल पहरेदार : Content ID र TikTok Sounds

### YouTube Content ID प्रणाली

**स्वचालित स्क्यानिङ रोबोटः** यो यस्तो स्वचालित डिजिटल प्रणाली हो जसले इन्टरनेटभरि तपाईंको संगीतको कपी वा चोरी भएको छ कि भनी स्वतः खोजी गर्छ।

**राजस्व सङ्कलनः** यदि कसैले तपाईंको गीत आफ्नो भिडियोमा प्रयोग गर्यो भने, प्रणालीले दाबी (Claim) गर्छ र आउने विज्ञापनको ४५% कपीराइट हिस्सा तपाईंको खातामा पठाउँछ।

### TikTok Branded Sounds

**प्रयोगको आधारमा भुक्तानीः** टिकटकमा फ्यानहरुले भिडियो बनाउँदा प्रयोग हुने तपाईंको साउन्डको कुल भ्यूजको आधारमा स्वतः रोयल्टी संकलन हुन्छ।

**कमाईको उदाहरण :** "सङ्गीतमा सफलता" गीतमा १ लाख क्रिएटरले भिडियो बनाए र कुल भ्यूज ५ करोड पुग्यो भने तपाईंले $१,००० देखि $२,००० सम्म कमाउन सक्नुहुन्छ।

# 🔄 टिकटक मनिटाइजेसन र रोयल्टीको बहाव

१

### साउन्ड ट्र्याक डेलिभरी

आफ्नो नयाँ गीतलाई वितरकमार्फत टिकटकको आधिकारिक लाइब्रेरीमा 'Branded Sound' को रुपमा पठाउने।

२

### ट्रेन्डिङ साउन्ड प्रवर्द्धन

फ्यानहरुलाई त्यो साउन्डमा रिल्स् वा टिकटक भिडियो बनाउन प्रेरित गर्ने र टिकटक क्रिएटर फन्ड मनिटाइजेसन सुचारु गर्ने।

३

### रोयल्टी सङ्कलन

कसैले युट्युब वा टिकटकमा भिडियो हाल्दा एल्गोरिदमले स्क्यान गरी ISRC कोडसँग मिलाउँछ र विज्ञापन संकलन गरी ४५% हिस्सा ३0 दिनभित्र दिन्छ ।

# ❗ कपीराइट क्लेम (Claim) र स्ट्राइक (Strike) को फरक

| विशेषता (Feature) | कपीराइट क्लेम (Content ID Claim) | कपीराइट स्ट्राइक (Copyright Strike) |
| --- | --- | --- |
| **प्रक्रिया** | युट्युबको प्रणालीले स्वचालित (Automatic) स्क्यान गरेर कपीराइट दाबी गर्छ। | कपीराइट धनीले म्यानुअल (Manual) रूपमा भिडियो हटाउन रिक्वेस्ट हाल्छ। |
| **च्यानललाई असर** | च्यानललाई कुनै पनि असर हुँदैन, भिडियो निर्बाध चलिरहन्छ। | भिडियो हट्छ र च्यानलमा कानुनी कारबाहीको रेकर्ड (Strike) बस्छ। |
| **कमाई** | भिडियोको विज्ञापन आम्दानी सिधै मूल संगीतकार (तपाईं) को खातामा आउँछ। | भिडियो नै बन्द हुने हुनाले कसैले पनि आम्दानी पाउँदैनन्। |
| **रणनीति** | **ब्लक नगर्नुहोस् :** कभर भिडियो चल्न दिएर रोयल्टी संकलन गर्नुहोस्। | कसैले तपाईंको गीत वा भिडियो पूरा चोरेर दुरुपयोग गरेमा मात्र यो चलाउनुहोस्। |

# UGC कभर भिडियो रणनीति : ब्लक नगर्नुहोस् !

## 🚫साझा गल्ती र ठूलो नोक्सान

**फ्यानहरूलाई ब्लक नगर्नुहोस् :** धेरैजसो स्वतन्त्र कलाकारहरु आफ्नो गीतको कभर भिडियो वा डान्स कभर अरुले हाल्ने बित्तिकै कपीराइट स्ट्राइक हानेर ब्लक गरिदिन्छन्।

यसले गर्दा निःशुल्क प्रचारप्रसार र डिजिटल रोयल्टी आम्दानी दुवैको अवसर कलाकारले सधैंका लागि गुमाउँछन्।

## 📈व्यावसायिक फाइदा र स्टेज शो

**चल्न दिनुहोस् :** कभर भिडियोलाई चल्न दिनुहोस्। कपीराइट क्लेम ड्यासबोर्ड र Content ID अन गरेर विज्ञापनको पैसा स्वतः आफ्नो खातामा सङ्कलन गर्नुहोस्।

गीत जति धेरै मानिस माझ पुग्छ र भाइरल हुन्छ, लोकप्रियता बढ्छ र देश-विदेशका स्टेज कन्सर्टहरुबाट ठूलो आम्दानीको ढोका खुल्छ।

# विभिन्न प्लेटफर्ममा UGC सेटिङ गर्ने तरिका

### YouTube Studio

यसमा गई आफ्नो गीत सेलेक्ट गर्ने र Monetization: ON गर्ने। प्रणालीले विश्वभरका च्यानलहरूमा रहेका कभरहरू स्वतः ट्र्याक गर्छ।

### TikTok Creator

टिकटक क्रिएटर प्लेटफर्ममा गीत डेलिभर गरी "Trending Sound" र Audio Monetization विकल्प सधैं सक्रिय राख्ने।

### Meta Rights Manager

फेसबुक र इन्स्टाग्रामका लागि मेटा राइट्स म्यानेजरमा दर्ता भई आफ्नो अडियो स्वामित्व दाबी गर्ने र मनिटाइजेसन अन गर्ने।

# 💎 सदावहार स्वर्णखानी : दैनिक उपयोगी संगीत विधा

## 🧎बिहानको भजन र जन्मदिनका गीतहरू

**१. भजन र प्रार्थना :** बिहानको पूजाआजा र भजन दैनिक रुपमा बज्ने हुनाले यसको Repeat Value सबैभन्दा बढी हुन्छ। यो अफ-सिजन नहुने विधा हो।


**२. जन्मदिनका गीतहरु :** जन्मदिन हरेक दिन पर्ने भएकाले यस्ता गीतहरु मानिसले सधैं खोज्छन्। यसको माग वर्षको ३६५ दिन उत्तिकै रहन्छ।

## 🪷लोरी, ध्यान र योग संगीत


**३. लोरी र योग संगीत :** बच्चा सुताउने लोरी, ध्यान-योग संगीत वा अध्ययनका लागि लो-फाइ (Lofi) धुनहरु स्रोताले घण्टौं लगातार बजाइरहन्छन्।

यस्ता उपयोगी गीतहरू बढी बज्दा र लामो वाच टाइम पाउँदा रोयल्टी आम्दानी दीर्घकालीन र स्थिर हुन्छ।

## नेपाली सर्जकले Meditative Music मा आधारित भिडियोहरु बनाएर गरेको Earning Source, साधारणतया चलनचल्तीका गीत भन्दा केही फरक सङ्गीतले धैरै कमाउँछ भन्ने प्रमाण



# नेपाली सर्जकले Meditative Music मा आधारित भिडियोहरु बनाएर गरेको Earning Source, साधारणतया चलनचल्तीका गीत भन्दा केही फरक सङ्गीतले धैरै कमाउँछ भन्ने प्रमाण



# Ad Meta Ads र Google Ads विज्ञापन सुत्र

### Meta Ads (फेसबुक / इन्स्टाग्राम)

**'Boost Post' बटन छोड्नुहोस्:** सिधै मोबाइलको नीलो बटन नथिच्नुहोस्। सधैं Meta Ads Manager एप वा ल्यापटप ब्राउजर प्रयोग गर्नुहोस्।

**प्रवासी नेपाली लक्षित :** स्थानमा Australia, USA, UK, UAE रोज्नुहोस् र Languages मा अनिवार्य रूपमा **"Nepali"** मात्र रोज्नुहोस्। यसले केवल नेपाली भाषीलाई मात्र विज्ञापन देखाउँछ।

### G Google Ads (युट्युब विज्ञापन)

**In-Feed Video Ad उत्कृष्ट :** युट्युबमा भ्युज बढाउन सधैं 'In-Feed Video Ad' ढाँचा छान्नुहोस्। यसले सर्च र सजेस्टेड फिडमा मात्र थम्बनेल देखाउँछ।

यसले दर्शक आफैले क्लिक गरेर हेर्ने हुनाले वास्तविक वाच टाइम (High Retention) आउँछ। गीतको सबैभन्दा आकर्षक १५ सेकेन्डको 'हुक लाइन' (Hook Line) मात्र रिल्स् र स्टोरिजमा बुस्ट गर्नुहोस्।

# 💳 नेपालमै प्रिपेड डलर कार्ड सेटअप गर्ने तरिका

१

### कागजात

आफ्नो स्थायी लेखा नम्बर (PAN Card) र सक्कल नागरिकता लिनुहोस्।

२

### बैंक भ्रमण

नेपालको जुनसुकै प्रतिष्ठित क श्रेणीको वाणिज्य बैंक (Commercial Bank) मा जानुहोस्।

३

### अनुरोध

नेपाली खातासँग जोडेर वार्षिक ५०० डलरसम्म चल्ने Prepaid Dollar Card तत्कालै लिनुहोस्।

४

### विज्ञापन

यस कार्डबाट सिधै Meta र Google Ads मा अनलाइन भुक्तानी गर्नुहोस्, कुनै अतिरिक्त कमिसन बिना।

# 🤖 नयाँ युगको गुरुः कलाकारहरूका  लागि AI

### १. भाषा र अनुवाद

अंग्रेजी नजानेर डराउनु पर्दैन। आफ्नो कुरा नेपालीमा लेखेर AI लाई भन्नुहोस् - "यसलाई व्यावसायिक र शिष्ट अंग्रेजीमा अनुवाद गरिदेऊ।"


### २. लाज नमानी सिक्नुहोस्

साना-साना प्राविधिक कुराहरु अरुलाई सोध्न हिचकिचाउनु पर्दैन। AI लाई जतिसुकै प्रश्न सोध्नुहोस्, यसले झर्को नमानी २४ घण्टा सिकाइदिन्छ।

### ३. सिर्जनात्मक सहयोगी

लिरिक्स परिमार्जन गर्न, सामाजिक सञ्जालको क्याप्सन बनाउन र कभर गाउनका लागि जस्ता टुलबाट संगीत र स्वर अलग गर्न AI प्रयोग गर्नुहोस्।

# आफ्ना आफ्ना विधामा लोकप्रिय केही AI Tool हरु



# गीत रिलिज पूर्व र पछिको पूर्ण चेकलिस्ट

१

२

३

४

### ६-८ हप्ता अगाडि

अडियो मास्टरिङ (WAV २४-बिट)। nepalcopyright.gov.np मा कपीराइट र MRCSN मा गीत दर्ता।

### २-३ हप्ता अगाडि

टिकटक/रिल्समा टिजर बुस्टिङ। कोलाबरेटरसँग स्प्लिट शीट सम्झौता र डिजिटल वितरण।

### रिलिजको दिन

सञ्जालमा लिङ्क प्रवर्द्धन गर्ने। युट्युब कपीराइट क्लेम र Content ID ड्यासबोर्ड सक्रिय गर्ने।

### २-४ हप्ता पछी

म्युजिक र कभर भिडियोहरूको प्रवर्द्धन जारी राख्ने, र अर्को मौलिक गीतको योजना बनाउने।

# जिज्ञासा र अन्तर्क्रिया ?



**Rajendra Aryal**
*Research, Development and Presentation*
*Microsoft Certified Professional*



**Pawan Simkhada**
Research and Development, pawan@pyaro.studio